तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ७/०७७/०७८ मिति २०७७/०९/०९ गते

प्रस्तावहरुः

१. प्रतिनिधि सभा विघटनको प्रेस विज्ञप्ती सम्बन्धमा ।

२. नगरपालिकाको मुख्य प्रशासनिक भवन उद्घाटन सम्बन्धमा ।

३. तिनाउ करिडोरको डि.पी.आर. रेखाङ्कन सम्बन्धमा ।

४. सडक निर्माण तथा मर्मत सम्बन्धमा ।

५. सडक वोर्डका आयोजना सम्बन्धमा ।

६. नव निर्मित नगरपालिकाको मुख्य भवन परिसरको जग्गा स्वामित्व सम्बन्धमा ।

७. वेरोजगार व्यक्तिहरुको सूचिकरण सम्बन्धमा ।

८. विविध

क) स्कुटरको लगत कट्टा सम्बन्धमा ।

ख) ज्ञापन पत्र सम्बन्धमा ।

ग) वडामा सरसफाई तथा हरियाली प्रवर्धनका लागि ज्यालादारीमा कर्मचारी खटाइने सम्बन्धमा ।

घ) पोखरी निर्माण सम्बन्धमा ।

ङ) योजनाको म्याद थप सम्बन्धमा ।

च) वन वाटीका चिडिया घरमा रकम व्यवस्थापन सम्बन्धमा ।

छ) अनलाइन प्रणाली कार्यान्वयनका लागि तयारी सम्बन्धमा ।

ज) नगर यातायात गुरु योजना सम्बन्धमा ।

बासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णयहरुः

निर्णय नं.-१

- सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले संविधानको मर्म र जनभावना विपरीत सार्वभौम प्रतिनिधिसभा विघटन गर्नुभएकोमा तिलोत्तमा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्रीज्यूको कदमले संविधान र लोकतन्त्रलाई समेत गम्भिर आघात पुऱ्याएको छ । संसद विघटनले देशमा राजनीतिक अस्थिरताको पुनरावृत्ति गरेको अनुभुती भईरहेको छ । यसबाट आम जनतामा निराशा छाएको छ । मध्यावधी चुनावका लागि खर्च हुने अरबौं रकम मानव स्वास्थ्य, भौतिक तथा सामाजिक विकास निर्माणका कार्यमा लगाउन उपयुक्त हुन्छ । विकास बजेट कटौती गरेर गरिने मध्यावधी चुनाव नेपाली जनताको हीत विपरीत छ । अतः तिलोत्तमा नगर कार्यपालिका स्थायित्व, समृद्धि, विकास र सुशासनको लागि विघटित प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दछ ।

निर्णय नं.-२

- तिलोत्तमा नगरपालिकाको नव निर्मित मुख्य प्रशासनिक भवनबाट सेवा प्रवाह सुचारु भईरहेको भएता पनि भवनको औपचारिक उद्घाटन कोरोना भाईरस (कोभिड-१९) को कारण प्रभावित भएकोमा आगामी २०७७/१०/०५ गते बिहान ११:३० बजे यस नगरपालिका सम्पूर्ण जनप्रतिनिधि, राजनैतिक दल, नगर विकास समिति, नगर शिक्षा समिति, क्याम्पस प्रमुखहरु, तिलोत्तमा उद्योग बाणिज्यसंघ, तिलोत्तमा चेम्बर अफ कमर्स, तिलोत्तमा उद्योग व्यापार संगठन, सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरु, खानेपानी, वन, सिचाई, बैक तथा वित्तिय संस्थाका प्रमुखहरु, टोल विकास संस्था तथा क्लवका अध्यक्षहरु, कर्मचारी लगायतको उपस्थितिमा समुद्घाटन कार्यक्रम आयोजना गर्ने साथै, उक्त कार्यक्रमको सम्पूर्ण व्यवस्थापनको लागि नगर उप-प्रमुखज्यूको संयोजकत्वमा देहायका सदस्यहरु रहेको सहजीकरण समिति गठन गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

संयोजक - नगर उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी
सदस्य - प्रमुख प्रशासकीय अधिकृत, श्री प्रदिप पौडेल
सदस्य - कार्यपालिका सदस्य श्री कृष्ण प्रसाद पौडेल
सदस्य - कार्यपालिका सदस्य, श्री एच वि रम्तेल
सदस्य - कार्यपालिका सदस्य, श्री संगिता गुरुङ्ग
सदस्य सचिव - इन्जिनियर, श्री प्रदिप वन ।



बासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-३

- संघीय सरकारको योजना अनुसार तिनाउ दानव करिडोरको डि.पी.आर तयार भै निर्माण कार्य समेत सुरु भएकोमा तिलोत्तमा नगरपालिका अन्तरगत पर्ने स्थानहरुमा डि.पी.आर बमोजिमको सडक डिभिजन कार्यालयको समन्वयमा तत्काल रेखाङ्कन गर्न आवश्यक भएकोले सडक डिभिजन कार्यालयसँग समन्वय गरी सोही अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

- यस नगरपालिका क्षेत्र अन्तर्गतका विभिन्न वडाका कतिपय पक्की सडकहरु जिर्ण अवस्थामा रहेको र अन्य सडकहरु समेत खाल्डा खुल्डी भई आवत जावतमा कठिनाई भएको हुँदा त्यस्ता सडकहरुको हकमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी प्राप्त सिफारिसका आधारमा नगरपालिकाका प्राविधिकहरुबाट सडकहरुको स्थलगत अनुगमन गरी प्राथमिकतानुसार सिफारिस भएका सडकहरुको मर्मत तथा स्तरोन्नती गर्न र बहुवर्षिय योजनाको रुपमा संचालन गर्न आवश्यक देखिएका योजनाहरुको प्राविधिक प्रतिवेदन तयार गरी नगरसभा अगावै योजना तथा अनुगमन शाखालाई पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-५

- यस नगरपालिकाको आगामी ०७७/०७८ का लागि देहायका आयोजनाहरुको आवश्यक प्राविधिक प्रतिवेदन सहित सडक बोर्ड नेपाल, काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | लक्ष्मी पथ, वडा नं.-२, सडक कालोपत्रे प्रदेश समपूरक कोषको योजनामा अधुरो कार्य सम्पन्न गर्नको लागि | रु.३५०००००/- |
| २ | भक्तपुर पथ, वडा नं.-४ | रु. ३००००००/- |
| ३ | कैलाश पथ देखि प्रेमनगर जोड्ने अधुरो सडक मर्मत) वडा नं.-५ | रु. १००००००/- |
| ४ | अंकल किराना देखि प्रगती चोक जोड्ने अधुरो सडक मर्मत वडा नं.- ८ र ९ | १२०००००/- |
| ५ | वडा नं.-३ र ४ को सिमाना लुम्बिनी डेरीबाट शान्ती चोक जोड्ने सडक मर्मत | रु.१५०००००/- |



बासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-६

हाल तिलोत्तमा नगरपालिका अन्तरगत पर्ने देहायका कित्ताहरुमा नगरपालिकाका महत्वपूर्ण संरचना निर्माण भईसकेको हुँदा उक्त कित्ताहरुमा उल्लेखित जग्गा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराई यस नगरपालिकाको स्वामित्वमा ल्याउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

१. तिलोत्तमा नगरपालिका वडा नं.-६ (साविक आनन्दवन गाविस वडा नं. ६क) मा रहेको कि.नं. २४ को ज.वि. ८-१७-१२ (तिलोत्तमा नगरपालिकाको मुख्य भवन)
२. तिलोत्तमा नगरपालिका वडा नं.-९ (साविक करहिया गाविस वडा नं. ९ग) मा रहेको कि.नं. १५ को ज.वि. १-२-५ (अतिथि गृह, सभाहल र वडा नं. ९ को कार्यालय)
३. तिलोत्तमा नगरपालिका वडा नं. ९ (साविक करहिया गाविस वडा नं. ९ग) मा रहको कि.नं. १६ को ज.बि. ०-४-२(अतिथि गृह, सभाहल र वडा नं. ९ को कार्यालय)
४. तिलोत्तमा नगरपालिका वडा नं. ९ (साविक करहिया गाविस वडा नं. ९ग) मा रहको कि.नं. १८ को ज.बि. ०-१७-२(अतिथि गृह, सभाहल र वडा नं. ९ को कार्यालय)
५. तिलोत्तमा नगरपालिका वडा नं. ७ (साविक करहिया गाविस वडा नं. ५) मा रहको कि.नं. १०२ को ज.बि. ६-१०-५ (वडा नं.-७ इलाका प्रहरी कार्यालय मंगलापुर पछाडिको जग्गा)
६. तिलोत्तमा नगरपालिका वडा नं. ७ (साविक करहिया गाविस वडा नं. ५) मा रहको कि.नं. ९० को ज.बि. ०-२-१० (वडा नं.-७ करहिया चोक पोखरी)
७. तिलोत्तमा नगरपालिका वडा नं.-१७ (साविक गंगोलिया गाविस वडा नं.-४ख) मा रहेको कि.नं. २६९, २७०, २७१, २७२ को ज.बि. (वडा नं.-१७ कोल्ड स्टोर र गोदाम घर) ।

निर्णय नं.-७

- आ. व. २०७७/०७८ मा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि नगरभित्रका वडा कार्यालयमा संकलन भएका निवेदनहरु वडा कार्यालयबाट प्रारम्भिक छानविन गरी वडा समितिको सिफारिस सहित रोजगार सेवा केन्द्रमा आएका र रोजगार सेवा केन्द्रले आवश्यक कागजपत्रहरुका साथ पूर्ण विवरण भरेका निवेदनहरु छानविन गर्दा ६२० जना व्यक्ति न्यूनतम रोजगारीको लागि बेरोजगार व्यक्तिहरुको सूचीमा सूचीकृत हुन योग्य देखिएकाले बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को दफा ६ बमोजिम स्थानीय निर्देशक समितिद्वारा उक्त सूचीको बारे छलफल गरी ६२० जना बेरोजगार व्यक्तिहरुको अन्तिम सूची स्वीकृतीको लागि दफा ७ बमोजिम कार्यपालिका बैठकमा प्रस्ताव पेश भएकोमा दफा ८ बमोजिम उक्त सूची स्वीकृत गर्नुका साथै स्वीकृत

सूची रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी प्राथमिकताक्रम निर्धारणका लागि रोजगार सेवा केन्द्र लाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.- ८ विविध (क)

- यस नगरपालिकाको स्वामित्वमा रहेको लु१ब२४७० यमाहा स्कुटर प्रदेश नं.५को राजधानी नामाकरण विषयमा भएको आन्दोलनमा शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृतले कार्यालयको कामको सिलसिलामा प्रयोग गरिरहेको वखत आन्दोलनकारीद्वारा २०७७/०७/१६ गते बुटवलमा पूर्ण रुपमा जलाइएको हुँदा निजको नाममा जिन्सी खातामा रहेको उक्त स्कुटरको लगत कट्टा गरी मिनाह गर्ने निर्णय गरियो ।

निर्णय नं.- ८ विविध (ख)

- मिति २०७७/०९/०८ गतेका दिन यस नगरपालिकामा नगर क्षेत्रभित्रका घरनक्सा सम्बन्धी कार्यमा सेवारत कन्सल्टेन्टहरुबाट सामूहिक रुपमा पेश गरिएको ज्ञापनपत्र सम्बन्धमा जानकारी लिइयो ।

निर्णय नं.-८ विविध (ग)

- नियमित रुपमा संचालन हुदै आइरहेको "हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियान" कोरोना महामारीको कारण प्रभावित हुन गएकोमा उक्त अभियानलाई निरन्तरता दिन वडाको सबै क्षेत्रको सरसफाई तथा हरियाली प्रवर्धनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्न लागि प्रत्येक वडामा २ जनाका दरले ज्यालादारीमा जनशक्ति व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयलाई सिफारिस गरी पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-८ विविध (घ)

- चालु आ.व. को ब.शी.नं. पोखरी निर्माणमा विनियोजित रकमको परिधिभित्र रही प्राविधिकहरुबाट फिल्ड निरीक्षण गरी वडा नं.-६, १३, १४ को उपयुक्त स्थानमा पोखरी खन्ने र माछा पालन, सिचाइ तथा विपत् व्यवस्थापनको कार्यमा संचित पानीको उपयोग लगायतका कार्यमा बहुउद्देश्यीय उपयोग हुने गरी पोखरी निर्माणलाई यथाशिघ्र अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.-८ विविध (ङ)

- आ.व.२०७६/०७७ मा सम्झौता भएका योजनाहरु विश्वव्यापी कोरोना भाइरस कोभिड-१९ को कारण आ.व.०७६/०७७ मा सम्पन्न हुन नसकेको कारण चालु आ.व. ०७७/०७८ को मंसिर मसान्त सम्म म्याद थप गरिएकोमा केही योजनाहरु निर्धारित



बासुदेव घिमिरे

समयमा सम्पन्न हुन नसकेको भनि उपभोक्ता समितिबाट निवेदन तथा सम्बन्धित वडा कार्यालयबाट म्याद थपको सिफारिस समेत प्राप्त भएको हुँदा अधुरा योजनाहरुको निर्माण कार्य सम्पन्न गर्नका लागि फागुन मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.-८ विविध (च)

- चालु आ.व.को योजना शीर्षकमा ब.शी.नं. १०३० (८) मा विनियोजित रकम शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रमा रहेको चिडियाघर व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.-८ विविध (छ)

क) Online Payment System लागु गरी राजस्व प्रणालीमा सुधार ल्याउन विज्ञबाट परामर्श लिई आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) नगरबासीलाई घर नक्सा सम्बन्धी कार्यमा सहज रुपमा सेवा प्रवाह गर्नुका साथै व्यवस्थित अभिलेखका लागि Online Registration, payment & Digitalization लाई कार्यान्वयन गर्न आवश्यक तयारीका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-८ विविध (ज)

- नगर यातायात गुरु योजना प्राविधिक परामर्श दाताको सहयोगमा नियमानुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

०७६-०९-११

बासुदेव घिमिरे
नगर प्रमुख